# माध्यमिक शिक्षा पाठ्यक्रम, २०७७

कक्षा ९-१०

## उर्दू भाषा

(मद्रसातर्फ)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# माध्यमिक शिक्षा पाठ्यक्रम

## उर्दू भाषा, साहित्य र व्याकरण

**कक्षा : ९ र १०** **विषय सङ्केत : (कक्षा ९** [Ull. 603]**कक्षा १०** [Ull. 603])

**पाठ्यघण्टा : ४** **कार्यघण्टा : १२८**

### १. परिचय

इस्लाम समुदायको बोलिचालीको भाषाका रूपमा उर्दु भाषालाई लिइन्छ । उर्दु भाषा साहित्यको भण्डारले सुसज्जित भाषा पनि हो । अतः यस भाषाले विषय र माध्यम दुवैका रूपमा विद्यालय तहको शिक्षामा स्थान पाएको छ । यसर्थ उर्दु भाषा तथा साहित्यको बोध तथा उपयोग गरी दैनिक जीवनमा उपयोग, सञ्चार तथा अभिव्यक्तिलगायतकापक्षसँग परिचित गराउने उद्देश्यका साथ कक्षा ९ र १० को उर्दु भाषा विषयको पाठ्यक्रम विकास गरिएको हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शनबमोजिम विद्यालय शिक्षाको माध्यमिक तह (कक्षा ९ र १०) मा उर्दु भाषा विषयको यस पाठ्यक्रममा भाषिक सिप तथा विधागत साहित्यमा प्रचलित विषयवस्तुहरूलाई समावेश गरिएको छ । यसका साथै यस पाठ्यक्रमले सम्बन्धित विषयमा उच्च शिक्षाको आधारसमेत तयार गर्ने अपेक्षा छ ।

नेपालका निभिन्न स्थानीय तहमा उर्दु भाषा परस्पर सम्पर्कको भाषाका रूपमा स्थापित भइरहेको छ । यस भाषामा मजामीन (निबन्ध वा प्रबन्ध), हेकायात (कथा), सवानेह् (जीवनी), मोकालमा ( संवाद/रूपक/एकाङ्की), नाबिल (उपन्यास) तथा खोतूत निगारी (व्यावहारिक लेखन), नज्म (पद्य), गजलियात (गजल) एवम् रुवाइयात (चतुष्पदी कविता), तकरिर (वक्तृता), मोबाहिसा (वादविवाद) जस्ता विधा तथा उपविधा अधिक प्रचलनमा छन् । यसर्थ उर्दु भाषा साहित्यका नस्र (गद्य), नज्म (पद्य), कवाएत ( भाषातत्त्व) लगायतका विषयक्षेत्रमा आधारित भई तह र स्तर सुहाउँदा विषयवस्तु समेटी तयार पारिएको यस विषयको पाठ्यक्रम विकास गर्दा विभिन्न समयमा सरोकारवाला, विषयविज्ञ र अभिभावकहरूले पाठ्यक्रम विकास केन्द्रमा दिएका राय सुझाव तथा सरसल्लाहलाई आत्मसात् गर्दै शिक्षा सिद्धान्तअनुरूप व्यवस्थितगरिएको छ । उक्त विषयवस्तु समायोजन गर्दा उर्दु भाषासाहित्यका मूलभूत मूल्यमान्यतालाई विशेष रूपमा ध्यान दिँदै पाठ्यक्रमलाईसरल, प्रायोगिक, समयसापेक्ष र स्तरीय बनाउनुपर्ने पक्षलाई पनि विशेष ध्यान दिइएको छ । साथै उल्लिखित तथ्यलाई मनन गर्दै उर्दु भाषा विषयलाई ७५ प्रतिशत बाह्य र २५ प्रतिशत अंश आन्तरिक मूल्याङ्कनमा आधारित हुने गरी सिकाइ सहजीकरण तथा मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गरिएकोछ ।

परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटी यो पाठ्यक्रम विकास गरिएको हो । यस क्रममा पाठ्यक्रम विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया एवम् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

## २. तहगत सक्षमता

**यस तहको अन्तमा विद्यार्थीहरू निम्नलिखित सक्षमता हासिल गर्न समर्थ हुने छन् :**

१. शब्दको अक्षर संरचनागत ध्वनि सचेततासहितको उच्चारण, मौखिक सञ्चार तथा अभिव्यक्ति

२. प्रचलित विधागत र सूचनामूलक सामग्रीको पठन, विषयवस्तुको विश्लेषण र प्रतिक्रिया

३. दैनिक व्यवहार तथा समसामयिक विषयवस्तुको विवरणात्मक एवम् समीक्षात्मक प्रस्तुति

४. विभिन्न पाठ्यसामग्रीबाट तथ्य, मूल्य एवम् विचार ग्रहण गरी भाषिक कार्यसम्पादन

५. उर्दु भाषासाहित्यमा रहेका विधागत विविधताको पहिचानसहित परिस्थिति र सन्दर्भअनुकूलको सञ्चार तथा अभिव्यक्ति

६. अन्तरभाषिक तथा सांस्कृतिक विशेषताअनुरूप भाषाशैली र मानक भाषाको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति

७. सामाजिक र सांस्कृतिक मूल्यप्रति सचेततासहितप्रभावकारी सिकाइ, रचनात्मक सोच तथा प्रत्यक्ष सम्पर्कबाट विचारहरूको सिर्जना र प्रस्तुति ।

## ३. कक्षागत सिकाइ उपलब्धि

**कक्षा ९**

**यस कक्षाको अन्तमा विद्यार्थीहरू निम्नलिखित सिपहरूमा सक्षम हुने छन् :**

**सुनाइ र बोलाइ सिप**

१. उर्दु भाषाका शब्द र वाक्यहरूमा प्रयुक्त वर्णहरू पहिल्याउन र सोहीअनुरूप उच्चारण गर्न

२. उर्दु भाषाका मूलभूत मान्यतालाई ख्याल गरी उपयुक्त उच्चारण गर्न

३. उर्दु भाषाका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न

४. उर्दुसाहित्यिक विधा, सञ्चार माध्यम, विभिन्न पाठ र विषयहरू सुनेर प्रतिक्रिया व्यक्त गर्न

५. उर्दुसाहित्यका विधा, पाठ तथा अन्य प्रस्तुति सुनी मौखिक प्रतिक्रिया व्यक्त गर्न

६. उर्दु भाषाका साहित्यिक विधाका पाठ सुनी प्रश्नोत्तर गर्न र विचार निर्माण गरी व्यक्त गर्न

७. तकरिर (वक्तृता), मोकलमा (संवाद, छलफल) जस्ता अभिव्यक्ति सुन्न, तिनमा भाग लिन र त्यहाँ प्रस्तुत भएका विचारहरू पहिचान गर्न

८. देखे सुनेका, अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई उर्दु भाषामा मौखिक वर्णन गर्न

९. स्रोताहरूको अवस्था, प्रस्तुतिको योजना तथा परिवेशअनुसार उर्दु भाषामा विचार प्रस्तुत गर्न

१०. गति, यति, लय, हाउभाउ, अभिनय तथा बोलाइ पाठको ख्याल गरी सन्दर्भ मिलाएर उर्दुभाषामा मौखिक अभिव्यक्ति गर्न

११. उर्दुभाषी वा द्विभाषी समूह छलफल, प्रस्तुति, मौखिक सूचना, तार्किकता आदिको ख्याल गरी विचार प्रदर्शन गर्न

१२. उर्दु भाषामा गरिएको श्रुतिबोधमा प्रस्तुत विषयवस्तु आफ्नै शब्दमा मुख्य मुख्य कुरा भन्न

१३. आफूले भन्न चाहेका कुरालाई समाज, समुदाय, सभा सम्मेलनमा औपचारिकता सहित शिष्टतापूर्वक भन्न

१४. इस्लामको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा भाषाको प्रयोजनपरक भेदका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन

१५. उर्दु भाषामा भाषिक सञ्चार, अभिव्यक्ति तथा विषयवस्तुगत प्रसङ्ग र सन्दर्भअनुसार उखानटुक्काको प्रयोग गर्न

**पढाइ सिप**

१. उर्दु भाषाका लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न

२. उर्दु भाषाका लिखित सामग्रीको पठनमा सन्दर्भ, संवेग तथा परिवेश मिलाई पढ्न

३. उर्दु भाषाका लिखित सामग्रीको मौन पठनमा पढाइको गति विकास गर्ने गरी छिटो छिटो पढ्न

४. उर्दु भाषाका साहित्यिक विधा, पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या र सप्रसङ्ग व्याख्या गर्न सक्ने गरी पढ्न

५. निर्धारित पाठको संरचना, उद्देश्य, सूचना तथा विषयको अनुमानित अभिप्राय पहिल्याउन सक्ने गरी पढ्न

६. पाठमा प्रयुक्त भाषाको प्राज्ञिक, प्राविधिक, तार्किक पक्षको पहिचान गरी पढ्न

७. प्रयोजनअनुसार प्रस्तुत भएका पाठ पढी शब्द भण्डार वृद्धि गर्न

८. उर्दु भाषाका लिखित सामग्रीको प्रयोजन ख्याल गरी पढ्न र ती सामग्री पढी प्रयोजनको सन्दर्भ तथा उद्देश्य पहिचान गर्न

९. उर्दु भाषाका हिज्जे (वर्ण विन्यास) र लेख्य चिह्नका सङ्केतका आधारमा शुद्धसँग पढ्न

१०. उर्दु भाषाका साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक सांस्कृतिक सन्दर्भका बारेमा प्रतिक्रिया दिन सक्ने गरी पढ्न ।

११. पूर्वानुमान, निष्कर्ष, सारांश, संश्लेषण, प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न

**लेखाइ सिप**

१. उर्दु भाषाका वर्ण विन्यास (हिज्जे) र लेख्य चिह्नहरू मिलाई सफा, शुध र स्पष्टसँग लेख्न

२. विभिन्न प्रकारका सूचना सङ्कलन गरी तिनको सङ्गठन र संश्लेषण गरी उर्दु भाषामा लेख्न

३. उर्दु भाषामा लेखिएका सामग्रीको सम्पादन र परिष्कार तथा पुनः सम्पादन र पुनः परिष्कार गरी लेख्न

४. उर्दु भाषाका प्रस्तुत गरिएका कुनै पनि विषय तथा शीर्षकमा अर्थपूर्ण, क्रमबद्ध तथा प्रभावकारी रूपमा

अनुच्छेद रचना गर्न

५. आफूले देखे सुनेका, अनुभव गरेका घटना र पढेका विषयवस्तुका बारेमा सिलसिला मिलाएर लिखित वर्णन गर्न

६. उद्देश्यमूलक सूचना र विषय वस्तुका बारेमा प्रतिक्रिया व्यक्त गर्न, अभिलेख राख्न, वर्णन गर्न, विश्लेषण गर्न

७. उर्दुसाहित्यिक विधा र पाठहरूको विश्लेषण गर्न र विशिष्ट अंशहरूको व्याख्या र सप्रसङ्ग व्याख्या गर्न

८. दैनिक व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा र शुभकामना पत्रहरूको उर्दु भाषामा रचना गर्न

९. दौमियाँ (दैनिकी), मोकलमा (संवाद) रमोबाहिसा (वादविवाद) रचना गर्न/लेख्न

१०. विभिन्न प्रयोजनपरक क्षेत्रका शब्द तथा प्रचलित उखानटुक्काहरूको सन्दर्भअनुसार अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न

११. लिखित अभिव्यक्तिका क्रममा व्याकरणका आधारभूत नियम पालना गरी लेख्न

१२. विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र, मौलिक र सिर्जनात्मक अभिव्यक्ति गर्न

**कक्षा १०**

**यस कक्षाको अन्तमा विद्यार्थीहरू निम्नलिखित सिपहरूमा सक्षम हुने छन् :**

**सुनाइ र बोलाइ सिप**

१. उर्दु भाषाका शब्द र वाक्यहरूमा प्रयुक्त वर्णहरू पहिल्याउन र सोहीअनुरूप उच्चारण गर्न

२. उर्दु भाषाका मूलभूत मान्यतालाई ख्याल गरी उपयुक्त उच्चारण गर्न

३. गति र यति ख्याल गरी उर्दु शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न

४. उर्दु भाषामा गरिएका मौखिक अभिव्यक्तिमा व्यक्त भएका मुख्य विचारहरू पहिचान गर्ने गरी सुन्न

५. उर्दुसाहित्यिक विधा, सञ्चार माध्यम, विभिन्न पाठ र विषयहरू सुनेर प्रतिक्रिया व्यक्त गर्न

६. उर्दुसाहित्यका विधा, पाठ तथा अन्य प्रस्तुति सुनी मौखिक प्रतिक्रिया व्यक्त गर्न

७. साहित्यिक विधाका पाठ सुनी प्रश्नोत्तर गर्न र विचार निर्माण गरी व्यक्त गर्न

८. तकरिर (वक्तृता), मोकलमा (संवाद, छलफल) जस्ता अभिव्यक्ति सुन्न, तिनमा भाग लिन र त्यहाँ प्रस्तुत भएका विचारहरू पहिचान गर्न

९. देखे सुनेका, अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न

१०. स्रोताहरूको अवस्था, प्रस्तुतिको योजना तथा परिवेशअनुसार विचार प्रस्तुत गर्न

११. गति, यति, लय, हाउभाउ, अभिनय तथा बोलाइ पाठको अभिप्रायको ख्याल गरी सन्दर्भ मिलाएर उर्दु भाषामा गरिएका मौखिक अभिव्यक्ति गर्न

१२. उर्दु भाषी वा द्विभाषी समूह छलफल, प्रस्तुति, मौखिक सूचना, तार्किकता आदिको ख्याल गरी विचार प्रदर्शन गर्न

१३. मौखिक पाठ तथा प्रस्तुति सुनी आफ्नै शब्दमा मुख्य मुख्य विषयवस्तु भन्न

१४. आफूले भन्न चाहेका कुरालाई समाज, समुदाय, सभा सम्मेलनमा औपचारिकता सहित शिष्टतापूर्वक भन्न

१५. कुनै पाठ सुनी त्यसको मूल विषयका बारेमा अनुमान गर्न

१६. सामाजिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा भाषाको सम्प्रेषणात्मक प्रकार्यका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन

१७. प्रसङ्ग, सन्दर्भअनुसार उखानटुक्काको प्रयोग गर्न

**पढाइ सिप**

१. लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न

२. निश्चित समय तोकी लिखित सामग्रीको पठनमा सन्दर्भ र भावअनुसार गति मिलाई पढ्न

३. लिखित सामग्रीको मौन पठनमा पढाइको गति विकास गर्ने गरी छिटो छिटो पढ्न

४. साहित्यिक विधा, पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या र सप्रसङ्ग व्याख्या गर्न सक्ने गरी पढ्न

५. पाठको संरचना, उद्देश्य, सूचना तथा अनुमानित अभिप्रायको बोध गर्न सक्ने गरी पढ्न

६. विभिन्न प्रकारका भाषिक पाठहरूको उद्देश्य पहिचान गर्ने गरी पढ्न

७. पाठमा प्रयुक्त भाषाको प्राज्ञिक, प्राविधिक र तार्किक पक्षको पहिचान गरी पढ्न

८. प्रयोजनअनुसार प्रस्तुत भएका पाठ पढी शब्दभण्डार वृद्धि गर्न

९. लिखित सामग्रीको प्रयोजन ख्याल गरी पढ्न र ती सामग्रीको प्रयोजन सन्दर्भ पहिचान गर्न सक्ने गरी पढ्न

१०. हिज्जे (वर्ण विन्यास) र लेख्य चिह्नका सङ्केतका आधारमा शुद्धसँग पढ्न

११. साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक सांस्कृतिक सन्दर्भका बारेमा प्रतिक्रिया दिन सक्ने गरी पढ्न

१२. पूर्वानुमान, निष्कर्ष, सारांश, संश्लेषण, प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न

१३. भाषाका पाठमा प्रस्तुत संरचनाका आधारमा मुख्य घटनालाई क्रम मिलाई अभिव्यक्त गर्न सक्ने गरी पढ्न

१४. पाठमा प्रयुक्त विशिष्ट प्रकारका गणितीय, सङ्ख्यापरक तथा तिथिमितियुक्त सूचना पत्ता लगाई तिनको तालिकीकरण गर्न सक्ने गरी पढ्न

१५. आलोचनात्क सोचको निर्माण गर्ने गरी विभिन्न प्रकारका लिखित सामग्री पढ्न

**लेखाइ सिप**

१. उर्दु भाषाका वर्ण विन्यास (हिज्जे) र लेख्यचिह्नहरू मिलाई सफा, शुद्ध र स्पष्टसँग लेख्न

२. विभिन्न प्रकारका सूचना सङ्कलन गरी तिनको संश्लेषण गरी लेख्न

३. लेखिएका सामग्रीको सम्पादन र परिष्कार तथा पुनः सम्पादन र पुनः परिष्कार गरी लेख्न

४. कुनै पनि विषय शीर्षकमा अर्थपूर्ण, क्रमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न

५. आफूले देखे सुनेका, अनुभव गरेका घटना र पढेका विषय वस्तुका बारेमा सिलसिला मिलाएर लिखित वर्णन गर्न

६. उद्देश्यमूलक सूचना र विषयवस्तुका बारेमा प्रतिक्रिया व्यक्त गर्न, अभिलेख राख्न, वर्णन गर्न, विश्लेषण गर्न

७. पढेका विषयका मुख्य मुख्य बुँदा टिपोट गर्न र सारांश लेख्न

८. साहित्यिक विधा र पाठहरूको विश्लेषण गर्न र विशिष्ट अंशहरूको व्याख्या र सप्रसङ्ग व्याख्या गर्न

९. दैनिक व्यवहारमा उपयोगी हुने निवेदन, निमन्त्रणा र शुभकामना पत्रहरूको रचना गर्न

१०. उपयुक्त शैली र ढाँचामा संवाद र वाद विवाद लेख्न

११. विभिन्न प्रयोजनपरक क्षेत्रका शब्द तथा प्रचलित उखानटुक्काहरूको सन्दर्भअनुसार अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न

१२. लिखित अभिव्यक्तिका क्रममा व्याकरणका आधारभूत नियम पालना गरी लेख्न

१३. विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र, मौलिक र सिर्जनात्मक अभिव्यक्ति प्रकट गर्न

१४. विभिन्न विषयमा विवरणात्मक, वर्णनात्मक, तार्किक, विश्लेषणात्मक र मूल्याङ्कनात्मक अभिव्यक्ति प्रस्तुत गर्न

१५ . कुनै निश्चित विषयमा आलोचनात्मक सोच निर्माण गरी लेख्न

## ४. विषयवस्तुको क्षेत्र र क्रम

### माध्यमिक तह, कक्षा ९ र १०

| क्र.स. | एकाइ र विषयक्षेत्र | | विषयवस्तुको विस्तृतीकरण | | |
|---|---|---|---|---|---|
| | | कक्षा ९ | कक्षा १० | कार्य घण्टा | पूर्णाङ्क |
| १ | प्रबन्ध/निबन्ध | नैतिक : निर्लज्जता, बेइमानी, घुसखोरी देशका लागि हानिकारक<br>सामाजिक : मानव समानताको आधारहरू<br>धार्मिक : इमानको अरकान र अल्लाहका विशेषताहरू<br>वातावरण र विज्ञान : सूर्यमण्डलको सङ्क्षिप्त परिचय<br>सांस्कृतिक : रमजानको महिना र इस्लामिक सांस्कृतिक<br>स्वास्थ्य : स्थानीय स्वास्थ्यचौकी र यसको महìव<br>साहित्यिक : कदीम उर्दु नस्र (पुरानो उर्दु गद्य)<br>मानव अधिकार : बालबालिकाहरूको अधिकार<br>पर्यटन : लुम्बिनीको भ्रमण<br>पत्रकारिता : राष्ट्रिय पत्रिकाहरू | नैतिक : राजनीतिक क्षेत्रमा इमानदारी र नैतिकताको महत्व<br>समाजिक : धार्मिक सहिष्णुता<br>धार्मिक : हजरत मुहम्मद (स.) का विशेषताहरू<br>वातावरण र विज्ञान : आइटीको क्षेत्रहरू र नयाँ पिँढी<br>सांस्कृतिक : लिबासको शिष्टाचारहरू<br>स्वास्थ्य : एड्स<br>साहित्यिक : जदीद उर्दु नस्र (नयाँ उर्दु गद्य)<br>मानव अधिकार : माहिलाको अधिकारहरू<br>पत्रकारिता : राष्ट्रिय उर्दु पत्रिकाहरू<br>पर्यटन : हजको भ्रमण | २४ | २० |
| २ | कथा | ऐतिहासिक : नेपाल पृथ्वीनराण शाहभन्दा पहिले<br>चारित्रिक : हजरत युसुफ (अलै.) | ऐतिहासिक : नेपाल पृथ्वीनराण शाहपछि<br>चारित्रिकः हजरत ईसा (अलै.) | १३ | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सामाजिक : सौतनी आमाको अन्तिम समय | सामाजिकः सामान्य विवाह | | |
| ३ | जीवनी | मिर्जा गालिब, अमिर खुसरु, हफिज जालनधरी | शौक, हसरत मोहानी, हाली | १३ | १० |
| ४ | व्यावहारिक लेखन | छोरालाई बुबाको एउटा चिट्ठी | प्रमुख जिल्ला शिक्षा कार्यालयलाई चिट्ठी | ७ | ५ |
| ५ | रूपक/एकाङ्की | सादर संवाद | सादर संवाद | ७ | ५ |
| ६ | उपन्यास | डिप्टी नजिर अहमद | साआदत हुसैन मन्टु, कुर्रतुल ऐन हैदर, नसिम हेजाजी, आमानत लखनवी | ६ | ५ |
| ७ | कविता | हम्द, नात, नज्म, उर्द लोक | नज्महरू (बागेदरा, बाले जिब्रिइल, मिरतकिमिर) | १३ | १० |
| ८ | भाषातोव | बहर, रदिफ, काफिया, बलागत, फसाहत, नकद | मतला, मकता, गजलकारहरू, नकदको आधारहरू | १३ | १० |
| **सैद्धान्तिक जम्मा** | | | | **९६** | **७५** |
| **प्रयोगात्मक जम्मा** | | | | **३२** | **२५** |
| **कुल जम्मा** | | | | **१२८** | **१००** |

## ५. प्रयोगात्मक तथा परियोजना कार्य

| कक्षा ९ | | कक्षा १० | |
|---|---|---|---|
| विषयक्षेत्र | कार्यघण्टा | विषयक्षेत्र | कार्यघण्टा |
| निर्धारित विषयवस्तुको लिखित एवम् मौखिक प्रस्तुति, कक्षाकार्य वा दैनिक जीवन तथा कार्यव्यवहारमा आधारित सम्बन्धी परियोजना कार्य | १३ | निर्धारित विषयवस्तुको लिखित एवम् मौखिक प्रस्तुति, कक्षाकार्य वा दैनिक जीवन तथा कार्यव्यवहारमा आधारित सम्बन्धी परियोजना कार्य | १३ |
| रेडियो, क्यासेट, मोबाइल वा अन्य विद्युतीय सामग्रीबाट प्रसारित सामग्री, वा अन्य विषयवस्तुपरक प्रसङ्ग सुनाएर अनुमान, पूर्वानुमान, प्रश्नोत्तर, सन्दर्भबोध, भावबोध, मुख्य बुँदा टिपोट तथा प्रस्तुति | १३ | अरेबिक भाषासाहित्यका सान्दर्भिक विषयवस्तु सुनाएर अनुमान, पूर्वानुमान, प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, सन्दर्भबोध, भावबोध, कथाकथन, घटना वर्णन, मुख्य बुँदा टिपोट तथा प्रस्तुति | १३ |
| उर्दु भाषासाहित्यका सान्दर्भिक विषयवस्तु, परिवेश आदि दिएर मौखिक वर्णन | ६ | सञ्चार, भाषिक सामर्थ्य, पठन तथा रचना कौशल र भाषिक कार्यसम्पादनमा व्यक्तिगत, युगल र समूहगतलगायतका कार्यबाट कक्षागत सिकाइ सहभागिता | ६ |
| जम्मा | ३२ | जम्मा | ३२ |

## ६. सिकाइ सहजीकरण प्रक्रिया

कुनै पनि भाषाको अध्यापनका लागि विद्यार्थीभित्र त्यस भाषाको महत्त्व, आवश्यकता र त्यस भाषाप्रति भावनात्मक लगाव हुनु आवश्यक ठानिन्छ । यो प्रेम तथा लगाव नभएमा कुनै पनि भाषाको सिकाइ तथा अध्यापनको प्रक्रिया जटिल हुन पुग्छ । भाषा सिक्नका लागि त्यस भाषाको इतिहास, त्यस भाषाका साहित्यकार तथा कविहरूको रचनालाई पढ्न र बुझ्न आवश्यक हुन्छ । उर्दु भाषाको अध्यापन उर्दु भाषामा नै गर्नुपर्छ । भाषा प्रयोग गर्दा मानक भाषाको प्रयोगमा ध्यान दिनुपर्छ । विद्यार्थीलाई भाषिक सञ्चार र अभिव्यक्तिका क्रममा उर्दु भाषाको प्रयोगमा उत्प्रेरित गर्नुपर्छ ।

सिकाइ सहजीकरणलाई प्रभावकारी र गुणस्तरीय बनाउन उपयोग गर्न सकिने केही सम्भावित नमुना विधिहरू तल दिइएका छन् :

(क) प्रश्नोत्तर विधि
(ख) प्रदर्शन विधि
(ग) समस्या समाधान विधि
(घ) अवलोकन विधि
(ङ) छलफल विधि
(च)प्रयोग विधि
(छ) अभिनय विधि
(ज) परियोजना विधि
(झ) कथाकथन

उल्लिखित कार्यका लागि कुराहरूलाई देहायबमोजिमको कार्य गर्नु सान्दर्भिक मानिन्छ :

**(क) सुनाइ सिप सम्बद्ध क्रियाकलाप**

- विद्यार्थीहरूले एकअर्कालाई किताब वा पङ्क्तिहरू पढेर सुनाउने र कहिलेकाहीँ शिक्षकले आफैँले कुनै पङ्क्ति पढेर सुनाउने र विद्यार्थीहरूलाई त्यसको सारांश सुनाउन लगाउने ।
- नयाँ शब्द तथा वाक्यहरूलाई पहिले शिक्षकले आफैँले उच्चारण गर्ने र त्यसपछि विद्यार्थीलाई दोहोऱ्याउन लगाउने ।
- विद्यार्थीहरूले एकअर्कालाई कविता तथा गान सुनाउने ।
- विद्यार्थीलाई प्रश्न सोध्ने र तिनको उत्तर सुन्ने ।
- शिक्षकद्वारा कुनै घटना कक्षामा सुनाउने र विद्यार्थीहरूलाई आफ्ना शब्दहरूमा त्यस घटनाको वर्णन गर्न लगाउने ।

**(ख) बोलाइ सिप सम्बद्ध क्रियाकलाप**

- किताबका छानिएका पङ्क्तिहरूको विद्यार्थीहरूलाईपठन अभ्यास गर्न लगाउने ।
- नाअ्त, हम्द, नज्म तथा अन्य कविताहरूगति, यति र लयसहित सस्वरवाचन गर्नलगाउने ।
- विद्यार्थीहरूलाई २ वा २ भन्दा बढी समूहमा विभाजन गरी वादविवाद तथा संवाद गर्न लगाउने ।
- साप्ताहिक सांस्कृतिक कार्यक्रममा विद्यार्थीहरूलाई अनिवार्य रूपमा वक्तव्य, नाअ्त, नज्म, हम्द, गान वा कविता प्रस्तुत गर्न लगाउने ।
- विद्यार्थीहरूलाई कुनै खास विषयमाथि परस्पर विचारको आदानप्रदान गर्न लगाउने ।
- विद्यार्थीहरूलाई कुनै विशेष घटना वर्णन गर्न लगाउने ।
- कक्षामा उभ्याएर कुनै कार्यक्रमको उद्घोषण, आफ्नो परिचय वा आफ्नो विद्यालयको परिचय आदि प्रस्तुत गर्न लगाउने ।
- बोलीमा समस्या भएका विद्यार्थीहरूमाथि विशेष ध्यान पुऱ्याउने र उनीहरूलाई बिस्तारै बोल्ने अभ्यास गराउने ।
- कुराकानीकाबिचमा विद्यार्थीबाट कुनै भाषिक गल्ती भएमा विद्यार्थीको व्यक्तित्वको ख्याल गरेर मिठो शैलीमा सच्याइदिने र कक्षामा ठट्टाको वातावरणको सिर्जना हुन नदिने ।

**(ग) पढाइ सिप सम्बद्ध क्रियाकलाप**

- कक्षामा विद्यार्थीहरूलाई विविध पाठ्यसामग्री वाचन गर्न लगाउने तथा कुनै गल्ती भएमा त्यसै बेला सच्याउने ।
- पाठको कुनै पङ्क्ति पढेर त्यसबाट बुझेका कुराहरूको सुची बनाउन लगाउने ।
- नज्म, नाअ्त, हम्द र कविता पढ्न लगाउने तथा त्यसको अर्थ भन्न लगाउने ।
- शब्दको शुद्ध उच्चारण र उस्ता-उस्तै अक्षरको उच्चारणको सिप सिकाउने ।

- पङ्क्ति वाचनमा प्रवाह ल्याउनका लागि शिक्षकले आफैँले राम्रो प्रवाहका साथ पङ्क्ति वाचन गरी विद्यार्थीहरूलाई त्यसअनुसार पढ्न लगाउने ।
- हस्तलिखित लेख तथा रचना वा चिठी पुर्जी पढ्न लगाउने ।
- पत्रपत्रिकाको अध्ययन गर्न लगाउने ।

**(घ) लेखाइ सिप सम्बद्ध क्रियाकलाप**

- विद्यार्थीलाइ श्रुतिलेखन (इम्ला), निवेदन लेखन र चिठी पुर्जी लेखनको अभ्यास गराउने ।
- विद्यार्थीहरूलाई आफूले पढ्न सक्ने पङ्क्तिहरूको श्रुतिलेखन गर्न सक्ने क्षमताको विकास गराउने ।
- उर्दु लेखनमा उपयुक्तस्थान छोडीचिह्न तथा धर्का प्रयोग लगाउने ।
- चिठी पुर्जी र निवेदनहरू लेख्न सिकाउने ।
- विभिन्न विषयहरूमाथि पर्याप्त छलफल गराई ती विषयमाथि निबन्ध लेख्न लगाउने ।
- पङ्क्ति लेखनमा विषयसँगको सम्बन्ध र निरन्तरता कायम राख्ने क्षमताको विकास गराउने ।
- लेखन गतिविधिमा भएका त्रुटिहरूलाई तुरुन्त सच्याउने ।
- लामो लेख वा कुराकानीलाई छोटकरीमा लेख्ने क्षमताको विकास गराउने ।

## ६. विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारको मूल्याङ्कन गर्नुपर्ने छ । विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि कक्षा शिक्षणकै क्रममा कक्षाकार्य, परियोजना कार्य, प्रस्तुतीकरण, उपलब्धि परीक्षा जस्ता क्रियाकलाप गराई सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान तथा सिप हासिल गराउन आवश्यक छ । यसको प्रभावकारी रूपमा कार्यान्वयन तथा विद्यार्थीको सिकाइस्तर सुधार गर्न सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गका रूपमा निर्माणात्मक मूल्याङ्कनलाई उपयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनको सिकाइ उपलब्धिको निश्चित भारलाई निर्णयात्मक मूल्याङ्कनमा समेत जोडिने छ ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्त्वपूर्ण संयन्त्र मूल्याङ्कन हो । विद्यार्थीहरूको मूल्याङ्कन गर्दा सिकाइ उपलब्धिहरूलाई ध्यान दिई सक्षमता र सिकाइ उपलब्धिअनुरूप सिकाइको सबै स्तरलाई समेटेर गर्नुपर्दछ । आन्तरिक र बाह्य मूल्याङ्कनमार्फत यस विषयको मूल्याङ्कन हुने छ । मूल्याङ्कनको कुल भारमध्ये २५ प्रतिशत आन्तरिक र ७५ प्रतिशत बाह्य मूल्याङ्कन हुने छ । यसै गरी बाह्य मूल्याङ्कनअन्तर्गत लिखित परीक्षा सञ्चालन हुने छ । विद्यार्थी मूल्याङ्कनअन्तर्गत निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन दुवै तरिकाबाट नै गरिने छ । यस विषयका पाठ्यक्रममा समावेश गरिएका तहगत सक्षमताहरू, कक्षागत सिकाइ उपलब्धि र तिनका विषयवस्तु, सोसँग सम्बन्धित सिप, सिकाइ सहभागिता र सिकाइसक्रियताका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुपर्दछ ।

**(क) आन्तरिक मूल्याङ्कन**

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीहरूले गरेका कार्य र उनीहरूमा आएको व्यवहार परिवर्तनको अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्दछ । विद्यार्थीहरूले सिके नसिकेको पत्ता लगाई नसिकेको भए कारण पहिचान गरी पुनः सिकाइन्छ भने यस्तो मूल्याङ्कन प्रक्रियालाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । कक्षा ९ र १० को उर्दु भाषा विषय सिकाइका क्रममा कक्षाकोठामा कक्षागत शिक्षण सिकाइकै अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, सामुदायिक कार्य, सह/अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस क्रममा निर्माणात्मक मूल्याङ्कनअन्तर्गत सञ्चार, भाषिक सामर्थ्य, पठन तथा रचना कौशल र भाषिक कार्यसम्पादनका आधारमा विद्यार्थीका कार्यकलापको निरीक्षण, व्यक्तिगत र सामूहिक छलफल, लिखित परीक्षा, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता, प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन, स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गर्नु सान्दर्भिक हुन्छ । सोका आधारमा नै सिकाइ अवस्था यकिन गरिन्छ र आवश्यकतानुसार उपचारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्छ । शिक्षकले यस प्रकारको मूल्याङ्कन निरन्तर रूपमा गरी विद्यार्थीहरूमा अपेक्षित सिप र व्यवहार विकासमा जोड दिनुपर्छ ।

उर्दु भाषा विषयमा कक्षा ९ र १० मा कूल भाषामध्ये २५ भार आन्तरिक मूल्याङ्कन हुने छ । यसको मूल्याङ्कन निम्नानुसार हुने छ :

| क.सं. | क्षेत्र | अङ्कभार |
|---|---|---|
| १. | कक्षा सहभागिता | ३ |
| २. | त्रैमासिक परीक्षाको मूल्याङ्कन | ६ |
| ३. | परियोजना तथा प्रयोगात्मक कार्य, प्रतिवेदन लेखन तथा प्रतिवेदनको प्रस्तुति | १६ |
| जम्मा | | २५ |

**(ख) बाह्य मूल्याङ्कन**

यस विषयमा कक्षा ९ र १० प्रत्येकमा कुल भारमध्ये ७५ प्रतिशत भार बाह्य मूल्याङ्कन हुने छ । कक्षा ९ र १० प्रत्येक कक्षामा लागि लिइने परीक्षाका लागि पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान/बोध, समस्या समाधान, समालोचनात्मक, सिर्जनासँग सम्बन्धित प्रश्नहरू सोधिनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरिन्छ । सबै बाह्य परीक्षामा अक्षराङ्कन पद्धतिको प्रयोग गरिने छ ।

# विशिष्टीकरण तालिका, २०७८

उर्दु भाषा

लिखित परीक्षा

कक्षा : १० पूर्णाङ्क : ७५

| क्र.सं | क्षेत्र | प्रश्नका प्रकार (अति छोटा, छोटा लामा) | ज्ञान % | | बोध % | | प्रयोग% | | उच्चदक्षता% | | जम्मा प्रश्न | जम्मा अङ्क भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | | |
| 1 | प्रबन्ध/निबन्ध | अति छोटा | १ | १ | १ | १ | - | - | - | - | २ | २ |
| | | छोटा | - | - | - | - | २ | ५ | - | - | २ | १० |
| | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| 2 | कथा | अति छोटा | - | - | - | - | - | - | - | - | - | - |
| | | छोटा | - | - | - | - | २ | ५ | - | - | २ | १० |
| | | लामा | - | - | - | - | - | - | - | - | - | - |
| | जीवनी | अति छोटा | १ | १ | १ | १ | - | - | - | - | २ | २ |
| | | छोटा | - | - | - | - | १ | ५ | - | - | १ | ५ |
| ३ | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| | | अति छोटा | - | - | - | - | - | - | - | - | - | - |
| ४ | व्यावहारिक लेखन | छोटा | - | - | - | - | १ | ५ | - | - | १ | ५ |
| | | लामा | - | - | - | - | - | - | - | - | - | - |
| | रूपक/ | अति छोटा | - | - | - | - | - | - | - | - | - | - |
| ५ | एकाङ्की | छोटा | - | - | - | - | १ | ५ | - | - | १ | ५ |
| | | लामा | - | - | - | - | - | - | - | - | - | - |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | कविता | अति छोटा | १ | १ | १ | १ | - | - | - | - | २ | २ |
| | | छोटा | - | - | - | - | - | - | - | - | - | - |
| | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| ७ | भाषातत्त्व | अति छोटा | २ | १ | ३ | १ | - | - | - | - | ५ | ५ |
| | | छोटा | - | - | - | - | १ | ५ | - | - | १ | ५ |
| | | लामा | - | - | - | - | - | - | - | - | - | - |
| **जम्मा** | | | ५ | | ६ | | ८ | | ३ | | २२ | ७५ |

**द्रष्टव्य :**

१. प्रश्नपत्र निर्माण गर्दा ज्ञान र बोध तहका प्रश्न एउटा समूहमा समायोजन गरी उल्लिखित क्षेत्र र सङ्ख्यामा, प्रयोग तहका तोकिएका क्षेत्रबाट एक एक ओटा र कुनै दुई एक एक ओटा गरी थप दुई प्रश्न र उच्च दक्षतामा तोकिएका क्षेत्रबाट थप एक प्रश्न सोध्नुपर्नेछ ।